# नेपाली भाषा शिक्षकहरुको अनुभवमा परीक्षण अङ्कन सम्बन्धी दृष्टिकोण

**दिनेश घिमिरे**
*उपप्राध्यापक : नेपाली शिक्षा*
*शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि.कीर्तिपुर*

***सार संक्षेप***

*प्रस्तुत अध्ययन माध्यमिक तहका नेपाली विषय शिक्षकहरुको भाषिक परीक्षण अङ्कन सम्बन्धी बुझाइ, दृष्टिकोण र अभ्यास (Practice) पत्ता लगाई आवश्यक सुधारका उपायहरु पहिचान गर्ने उद्देश्यमा आधारित रहेको छ । अनुसन्धानको परिमाणात्मक ढाँचा अवलम्बन गरिएको यस अध्ययनमा शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई प्रतिशताङ्क निकालेर परिणामको व्याख्या गर्दै निष्कर्षमा पुगिएको छ । यस अध्ययनमा विद्यार्थीको उत्तर लेखन, प्राप्ताङ्क उतार, अङ्क प्रदान, उत्तर कुञ्जिकाको आवश्यकता र उपयोग, अङ्कनहरुका बिचको अन्तर, परीक्षणमा ध्यान दिनु पर्ने कुराहरु, उत्तरको ढाँचा, परीक्षण पुनः परीक्षण, परीक्षणगत विविधता र यसका कारकहरु, अङ्क मापनका तरिका, असल परीक्षकमा हुनु पर्ने गुणहरु जस्ता विविध पक्षहरुमा शिक्षकहरुको अनुभव प्रस्तुत गरिएको छ । यस अध्ययनबाट नेपाली विषयको परीक्षण अङ्कनमा ठुलो अन्तर रहेको, उत्तर कुञ्जिकाको व्यवस्थित उपयोग नभएको, भाषा विषयको परीक्षण परीक्षकहरुबिचमा ५-१० प्रतिशत अङ्कसम्मको अङ्कन अन्तर प्रायः सबै उत्तरपुस्तिकामा रहने जस्ता मुख्य निष्कर्षहरु रहेका छन् ।*

***विशिष्ट पद पदावली :*** *परीक्षक, परीक्षण अङ्कन, वैधता, विश्वसनीयता, उत्तर कुञ्जिका, वस्तुगतता, मूल्यवत्ता ।*

## परिचय

भाषिक परीक्षण भाषा शिक्षणको अभिन्न अङ्ग हो । यसको उद्देश्य विद्यार्थीको भाषा सिकाइको प्रवृत्ति र क्षमताको आकलन गर्नुका साथै पाठ्यांश, शिक्षण सिकाइ, विधि प्रक्रिया आदिमा प्रभावकारिता ल्याउनु पनि रहेको हुन्छ (पौडेल, २०७०: पृ.०१) । नेपाली भाषामा परीक्षण मूल्याङ्कनले औपचारिक रूप ग्रहण गरेको पनि लामो समय भइ सकेको छ, तथापि यस सम्बन्धी अध्ययन अनुसन्धान गरी एकरूपता ल्याउने प्रयासहरु अपूर्ण नै देखिन्छन् । भाषा शिक्षण र त्यसको मूल्याङ्कन दुबै पक्ष पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य अनुरूप हुनु पर्दछ (अधिकारी, २०६७: पृ.२०२) । परीक्षण अङ्कनमा एकरूपता, परीक्षक अङ्कनमा, उद्देश्यपरकता, वस्तुगतता, व्यावहारिकता, वैधता, विश्वसनीयता जस्ता गुण र मूल्यवत्ता आवश्यक हुन्छन् । मूल्याङ्कन लक्ष्य र उद्देश्य केन्द्रित हुनु पर्दछ (जबरा र अन्य, २०५८: पृ.३१) । संक्षेपमा भन्ने हो भने मूल्याङ्कन शिक्षार्थीको सिकाइ सम्बन्धी लेखाजोखा गर्ने पाठ्यक्रममा आधारित प्रक्रिया हो । यो प्रभावकारी भए मात्र शैक्षिक क्षेत्र सबल बन्न जान्छ ।

नेपाली भाषा विषयको उत्तर पुस्तिका परीक्षणमा हालसम्म पनि प्रभावकारिता र एकरूपता आउन सकि रहेको पाइँदैन । विद्यार्थीको भाषिक उपलब्धि, उनीहरुको रुचि र चाहना, शिक्षकको शिक्षण कार्य, परीक्षा प्रणाली, उत्तर पुस्तिका परीक्षण आदि विभिन्न कुराहरुले परीक्षण अङ्कन कार्यमा प्रभाव पारि रहेका

हुन्छन् । परीक्षण अङ्कनको सुधारका लागि परीक्षण योजना निर्माणमा सचेतता, परीक्षकहरुका लागि अङ्क मापन सम्बन्धी अभिमुखीकरण, उत्तर कुञ्जिका निर्माण, परीक्षण सम्बन्धी अध्ययन अनुसन्धान जस्ता पक्षमा ध्यान दिनु पर्ने देखिन्छ । भाषा विषयको परीक्षण अङ्कन कार्यमा बुँदागत अङ्क मापन, प्रश्नगत अङ्क मापन, समूहगत अङ्क मापन, बहु परीक्षकद्वारा अङ्क मापन जस्ता मापन अङ्कन विधिहरु उपयोग गर्न सकिन्छ (पौडेल, २०७०: पृ.८८) । परीक्षणमा एकरूपता ल्याउन यसको अङ्कन प्रक्रिया वस्तुगत हुनु अनिवार्य छ (जबरा र अन्य २०५८: पृ.१८७) । खास गरी निबन्धात्मक प्रश्नको उत्तर परीक्षण अङ्कनमा यान्त्रिक पक्षलाई १० प्रतिशत, विषय वस्तुलाई ३० प्रतिशत, सङ्गठन र शिल्प पक्षलाई ३० प्रतिशत, शब्द प्रयोगलाई १५ प्रतिशत र व्याकरणिक पक्षलाई १५ प्रतिशत अङ्क वितरण गरी अङ्कन गर्न सकिन्छ (अधिकारी, २०६७: पृ.१९९) ।

एउटै परीक्षकको भिन्न बसाइमा गरिने उही प्रश्नको अङ्कनमा फरक आउन सक्छ । त्यस्तै समान उत्तर पुस्तिका फरक फरक परीक्षकले परीक्षण गर्दा निकै अन्तर आउने गरेको कुरा अक्सर सुन्न र देख्न पाइने गरेको छ । यसरी परीक्षणका कारण पनि विद्यार्थीको उपलब्धि तलमाथि हुन सक्ने तथ्य स्वतः स्पष्ट हुन्छ । परीक्षण कार्यमा संलग्न शिक्षकहरुको रुचि र चाहना, मानसिक अवस्था, सोचाइ, संवेग आदिले पर ीक्षण कार्यमा प्रभाव पारि रहेको हुन्छ । प्रस्तुत अध्ययन नेपाली भाषा शिक्षकहरुमा केन्द्रित रहेर उत्तर पुस्तिका परीक्षण सम्बन्धी उनीहरुको अनुभवसित सम्बद्ध गरिएको छ ।

## अध्ययनका उद्देश्यहरु

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य उमावि तहमा अनिवार्य नेपाली विषय अध्यापनरत परीक्षकहरुमा नेपाली विषयको परीक्षण अङ्कन सम्बन्धी धारणा पत्ता लगाउनु रहेको छ ।

## अध्ययन विधि तथा प्रक्रिया

परिमाणात्मक अनुसन्धान ढाँचामा प्राप्त तथ्यहरुको तथ्याङ्क शास्त्रीय व्याख्या गरिन्छ, तसर्थ यसमा सङ्ख्यात्मक तथ्यको प्रयोग हुन्छ (क्रेसवेल, २००९: पृ.०४) । यस अध्ययनमा यसै मान्यताको प्रश्नावली परिमाणात्मक अनुसन्धानमा तथ्य सङ्कलनको महत्त्वपूर्ण र भरपर्दो साधन हो (क्रेसवेल, २००९: पृ.१७८) । यस अध्ययनमा पनि तथ्य सङ्कलनका लागि प्रश्नावलीको उपयोग गरिएको छ । त्यसबाट प्राप्त तथ्याङ्कको तालिकीकरण, प्रतिशत गणना, तथ्याङ्कको वर्णन विश्लेषण पश्चात् अध्ययनलाई निष्कर्षोन्मुख तुल्याइएको छ । प्रश्नावलीमा केही खुला प्रश्नहरु सहित विकल्पयुक्त प्रश्नहरु पनि समावेश गरिएका छन् ।

प्रस्तुत अनुसन्धान कार्यमा उच्च माध्यमिक विद्यालयमा अध्यापनरत नेपाली विषय शिक्षकहरुलाई जनसङ्ख्याका रूपमा र तीमध्ये कम्तीमा ३ वर्ष उच्च माध्यमिक तहमा अध्यापन गराइ सकेका र सोही तहको वार्षिक परीक्षाको उत्तर पुस्तिका परीक्षण गरेका ४० जना शिक्षकहरुलाई नमुनाका रूपमा छनोट गरिएको छ ।

## छलफल तथा परिणाम

विद्यालय तह (कक्षा ११ र १२) मा अध्यापनरत नेपाली भाषा शिक्षकहरुबाट प्रश्नावली भराइएको छ । उक्त प्रश्नावलीमा प्रतिक्रियाको व्याख्या निम्नानुसार प्रस्तुत गरिएको छ : प्राप्त तथ्याङ्कको व्याख्या निम्नानुसार अनुच्छेद बद्ध गरी प्रस्तुत गरिएको छ :

उत्तर पुस्तिका परीक्षणका प्रभावकहरु, परीक्षणको तरिका, अङ्कनको तरिका, प्राप्ताङ्क उतार, अङ्क प्रदान, उत्तर कुञ्जिकाको आवश्यकता र उपयोग, अङ्कनहरुका बिचको अन्तर, परीक्षणमा ध्यान दिनु पर्ने

कुराहरु, उत्तरको ढाँचा, परीक्षण पुनपरीक्षण, परीक्षणगत विविधता र यसका कारकहरु, अङ्क मापनका तरिका, असल परीक्षकमा हुनु पर्ने गुणहरु जस्ता विषय वस्तुहरु उक्त परीक्षक प्रश्नावलीमा समेटिएका छन् ।

तोकेभन्दा बढी प्रश्नको उत्तरमा ७३ प्रतिशत परीक्षकहरुले पहिलो उत्तरलाई सदर गर्ने र २७ प्रतिशत परीक्षकले धेरै अङ्क भएको उत्तरलाई सदर गर्ने धारणा राखेका थिए । त्यस्तै शिक्षकहरुले उत्तर सङ्ख्या बढी हुने आधारमा पहिलो उत्तरको प्राप्ताङ्क सदर गर्ने गरेको अनि विद्यार्थीहरूप्रति सहानुभूति राख्दै बढी अङ्क ल्याएको उत्तर सदर गर्ने धारणा राखे । यसरी परीक्षकहरुमा विद्यार्थीप्रति उदार र अनुदारपना दुबै देखिन्छ ।

उत्तर पुस्तिकामा परीक्षकहरुका बिच निकै मतभेदहरु देखा परे । उत्तर परीक्षण गर्दा सबैभन्दा बढी ३६ प्रतिशत परीक्षकले दायाँ किनारामा, ३६ प्रतिशत परीक्षकले बायाँ किनारामा, २६ प्रतिशतले उत्तरको सिरानमा र २ प्रतिशतले उत्तरको पुछारमा अङ्क दिने गरेको पाइयो । यसबाट शिक्षकहरुमा कतापट्टि अङ्क प्रदान गर्ने भन्ने कुरामा एकरूपता नभएको बुझिन्छ ।

उत्तर पुस्तिकाको बाहिरी पृष्ठमा सबै प्रश्नको प्राप्ताङ्क एक एक गरी चढाउने सम्बन्धमा ८७ प्रतिशत परीक्षकहरुले उत्तर पुस्तिकाको बाहिरी पृष्ठमा अङ्क चढाउनु पर्ने धारणा राखेका छन्, ५ प्रतिशतले झन्झटिलो र दुःख मात्र हुने तर्क दिएका र ८ प्रतिशतले अनुकूलता हेरी चढाउने कुरा उल्लेख गरेका छन् । यसलाई हेर्दा अधिकांश शिक्षकहरुले बाहिरी पृष्ठमा उत्तर चढाउनु उचित मानेको देखिन्छ । साथै अधिकांश उत्तर पुस्तिकाको अग्रपृष्ठमा अङ्क चढाउने कार्यलाई झन्झटिलो भए पनि अल्छी गर्न नहुने तर्फ सजग रहेको देखिन्छ ।

नेपालीका विषयगत प्रश्नको उत्तर परीक्षणमा पूर्णाङ्क नदिनुको कारण सम्बन्धमा सबैभन्दा बढी ५२ प्रतिशत परीक्षकहरुले प्रस्तुतिगत भिन्नता हुने कुरालाई मानेका छन् भने ४१ प्रतिशत परीक्षकहरुले मौलिकता हेरिने हुनाले भन्ने तर्क दिएका छन् । त्यस्तै ७ प्रतिशतले शिक्षकको अनुदारपनलाई औँल्याएका छन् तापनि विद्यार्थीले पूर्णाङ्क ल्याउन सक्दैनन् भन्ने धारणा कसैमा पनि रहेको देखिँदैन । त्यस्तै अझ राम्रो उत्तरको सम्भावना रहने हुनाले, शिक्षकमा पनि विषयगत उत्तरमा पूर्णाङ्क दिनु हुँदैन भन्ने धारणा रहेकाले, विषयगत प्रश्नको उत्तर यही नै हो भनी किटान गर्न नमिल्ने र सापेक्षतामा हेरिने भएकाले भन्ने जस्ता गहन धारणाहरु पनि आएका पाइन्छन् । शिक्षकहरुमध्ये केहीले लेखाइ राम्रो छ भने दिनु पर्छ भन्ने धारणा राखेको पाइन्छ । यी तथ्यहरुलाई आधार मान्दा शिक्षकहरुले विद्यार्थीको मौलिकता, सापेक्षता, अझ राम्रो उत्तरको सम्भावना आदि कुरामा जोड दिएको देखिन्छ ।

भाषा विषयका उत्तर पुस्तिका परीक्षण गर्दा उत्तर कुञ्जिका आवश्यकमा ८० प्रतिशत शिक्षकहरुले उत्तर कुञ्जिकाको उपयोगलाई आवश्यक, १८ प्रतिशतले हुँदा राम्रो भनी आवश्यकताको स्वीकारोक्ति र २ प्रतिशतले कुनैमा मात्र आवश्यक ठानेको देखिन्छ । यसको आशय मौलिकता बढी हुने प्रश्नमा नभएर वस्तुगतमा मात्र आवश्यक ठानेको हुन सक्छ । यस आधारमा हेर्दा भाषिक परीक्षणमा उत्तर कुञ्जिकालाई शिक्षकहरुले आवश्यक ठानेको देखिन्छ । उत्तर कुञ्जिकाले परीक्षणमा एकरूपता ल्याउने कुरामा सबै विश्वस्त देखिन्छन् ।

अहिले ११-१२ कक्षाको परीक्षामा उपलब्ध गराइने नेपाली विषयको उत्तर कुञ्जिका सम्बन्धमा सबैभन्दा बढी ६८ प्रतिशत परीक्षकहरुले काम चलाउ प्रकृतिको, १२ प्रतिशतले पर्याप्त, १० प्रतिशतले अपर्याप्त र भ्रम सिर्जना गर्ने खालको रहेको भन्ने तर्क दिएका छन् । यसलाई हेर्दा वर्तमान उत्तर कुञ्जिका काम चलाउ प्रकृतिको रहेको देखिन्छ । साथै शिक्षकहरुले अहिले उपलब्ध उत्तर कुञ्जिकामा सुधार गरी उपयोगमा ल्याउनु पर्छ भन्ने कुरामा जोड दिएको बुझिन्छ ।

१०० पूर्णाङ्कको अनिवार्य नेपालीको उत्तर पुस्तिका परीक्षणमा पाइने अङ्कन अन्तर सम्बन्धमा सबैभन्दा बढी ६६ प्रतिशत परीक्षकहरुले ५ देखि १० अङ्कलाई स्वाभाविक मानेका छन् भने १ देखि ५ मान्ने परीक्षकहरु २४ प्रतिशत छन् । त्यसभन्दा माथिलाई स्वाभाविक मान्नेहरु १० प्रतिशत रहेका पाइन्छन् । माथिको तथ्याङ्कलाई आधार मान्दा ९० प्रतिशत शिक्षकहरुले दिएको उत्तरलाई स्विकार्न सकिन्छ । परीक्षकको बुझाइ, उसको उदारता, विषय वस्तुको प्रकृति आदिले गर्दा शिक्षकहरुले १० प्रतिशत अन्तरसम्म व्यावहारिक ठानेको हुन सक्छ ।

व्याकरण सम्बन्धी प्रश्नहरुको उत्तर परीक्षण गर्दा ध्यान दिनु पर्ने पक्षहरुको सम्बन्धमा दिइएको निर्देशनमा ४५ प्रतिशत, उत्तरको पूर्णतामा २९ प्रतिशत, शुद्धाशुद्धिमा २३ प्रतिशत र उत्तरको ढाँचामा ३ प्रतिशत भन्ने प्रतिक्रिया आएको छ । यसलाई हेर्दा परीक्षकहरुले दिइएको निर्देशन भन्ने विकल्पमा सबैभन्दा बढी र त्यसपछि उत्तरको पूर्णता र शुद्धाशुद्धिलाई ध्यान दिने गरेको देखिन्छ । त्यस्तै उत्तरको पूर्णता र शुद्धाशुद्धिलाई जोड दिनु पर्छ भन्ने तर्क एक जनाले राखेका छन् । यस आधारमा नेपाली भाषा विषयक परीक्षणमा क्रमशः दिइएको निर्देशन, उत्तरको पूर्णता र शुद्धाशुद्धिमा जोड दिनु पर्दछ भन्ने बुझिन्छ ।

पठन बोध सम्बन्धी प्रश्नहरुको उत्तर परीक्षण गर्दा ध्यान दिनु पर्ने पक्षका सम्बन्धमा सोधिएको विषय वस्तुमा ३९ प्रतिशत, अभिव्यक्ति शैलीमा ३३ प्रतिशत, शुद्धाशुद्धिमा १७ प्रतिशत र शब्द भण्डार क्षमतामा ११ प्रतिशत प्रतिक्रियाहरु आएका छन् । यसका आधारमा शिक्षकहरुले पठन बोधमा विषय वस्तु र अभिव्यक्ति शैलीमा बढी जोड दिने गरेको कुरा बुझ्न सकिन्छ ।

अनुच्छेद लेखन सम्बन्धी प्रश्नहरुको उत्तर परीक्षण गर्दा ध्यान दिनु पर्ने पक्षहरुका सम्बन्धमा अनुच्छेद लेखन गर्दा सिलसिला बद्धता र प्रस्तुतीकरण दुबैलाई ३० प्रतिशत, अनुच्छेदको वर्णनमा २३ र शुद्धाशुद्धिलाई १७, प्रतिशत क्रम बद्धतालाई ३० प्रतिशत महत्त्व दिएको पाइन्छ । यसरी हेर्दा अनुच्छेद लेखनमा प्रस्तुतीकरण र सिलसिला बद्धतालाई विशेष महत्त्व दिनु पर्ने देखिन्छ ।

नेपाली भाषा विषयको उत्तर पुस्तिका परीक्षण गर्दा जोड दिनु पर्ने कुराहरुका बारेमा परीक्षकहरुले वाक्य गठन, शब्द चयन, सङ्गतिमा ३५ प्रतिशत, विषय वस्तुको ज्ञानमा २६ प्रतिशत, शैली र सङ्गठनमा २५ प्रतिशत अक्षराकार, हिज्जे, सफाइ आदिमा १४ प्रतिशत प्रतिक्रिया दिएका छन् । यसलाई आधार मान्दा भाषा विषयको उत्तर परीक्षणमा वाक्यको संरचना पक्ष र विषय वस्तु, शैली सङ्गठन पक्षमा ध्यान दिनु पर्ने देखिन्छ ।

एक पटक परीक्षण गरेको उत्तर पुस्तिका फेरि हेर्न आवश्यक ठान्ने वा नठान्ने सम्बन्धमा आफूले एक पटक परीक्षण गरेको उत्तर पुस्तिका फेरि हेर्न सबै परीक्षकहरुले आवश्यक ठानेको जनाएका छन् । यसमध्ये ५७ प्रतिशतले विशेष उत्तर मात्र हेर्ने गरेको, २६ प्रतिशतले आवश्यक महसुस गरेको र १७ प्रतिशतले कहिलेकाहीँ त्यसो गरेको उत्तर दिएका छन् । यस कुरालाई मनन गर्दा परीक्षण पश्चात् उत्तर पुस्तिका पुनः हेर्ने गरेमा छुटेका गल्ती कमजोरीहरु सच्चिने र परीक्षण अझ प्रभावकारी हुने देखिन्छ ।

नेपाली भाषा विषयको वस्तुगतभन्दा विषयगत उत्तर परीक्षणमा विविधता आउनुका कारणहरुका सम्बन्धमा उत्तर लेखाइको व्यक्तिगत भिन्नता रहने भएकाले र परीक्षकको व्यक्तिगत दृष्टिकोणका कारण भन्ने परीक्षकहरु ४५/४५ प्रतिशत रहेका छन् भने विषय वस्तुको प्रकृतिका कारण ठान्नेहरु १० प्रतिशत रहेका छन् । यस सन्दर्भमा शिक्षकहरुले उत्तर लेखाइ र शिक्षकको हेराइलाई महत्त्व दिएको पाइन्छ । त्यस्तै थप सुझावहरुमा अध्यापन गर्ने शिक्षकको ज्ञान, सिप, जाँगरगत इनपुट, सिकाइ शिक्षण स्थितिमा विविधता, ठोस तथा वस्तुगत आधार निर्माण गरेर मात्र परीक्षण गर्ने दृष्टिकोण आदिलाई यसका मुख्य कारक मानेको पाइन्छ । यस आधारमा विषयगत प्रश्नको अङ्कनमा विविधता आउनुको मुख्य कारण उत्तर लेखाइको व्यक्तिगत भिन्नता र परीक्षकको व्यक्तिगत दृष्टिकोण रहेको देखिन्छ ।

भाषा विषयका उत्तर पुस्तिका परीक्षणको अङ्कनमा विविधता ल्याउने कारक तत्त्वहरुका सम्बन्धमा राम्रोसँग उत्तर नपढी अङ्क दिनुलाई ३३ प्रतिशत, शिक्षकको मनस्थितिलाई २६ प्रतिशत, हेलो असरलाई १५ प्रतिशत, राम्रा अक्षर भन्ने विकल्पलाई १७ प्रतिशत र कडा परीक्षण गर्ने स्वभाव भन्ने विकल्पलाई ९ प्रतिशत महत्त्व दिएका छन् । यस आधारमा नेपाली विषयका परीक्षकहरुले परीक्षणमा अन्तर आउनुको कारक आफैँलाई स्विकारेको देखिन्छ । यसको सुधारका लागि शिक्षक परीक्षक नै सचेत र इमानदार हुनु जरुरी हुन्छ ।

परीक्षण गर्ने तरिकाहरुका सम्बन्धमा बुँदाहरुका आधारमा उत्तर दिने विकल्पमा ४४ प्रतिशत, खण्ड खण्डका उत्तरहरु एकसाथ परीक्षण गर्ने कुरालाई १५ प्रतिशत, परीक्षकहरुले प्रभावकारी मानेको देखिन्छ भने बहु परीक्षकबाट एउटै उत्तर परीक्षण गर्ने विकल्पलाई १२ प्रतिशत र सबै उत्तर पुस्तिकाको एउटा प्रश्नको उत्तर एकैचोटि परीक्षण गर्ने भन्ने विकल्पहरु २१ प्रतिशत र समूहमा बसेर उत्तर परीक्षण गर्ने भन्ने विकल्पलाई जम्मा ८ प्रतिशत परीक्षकहरुले महत्त्व दिएको पाइन्छ । यस आधारमा नेपालीका उत्तर पुस्तिका परीक्षणका तरिकाहरुमध्ये बुँदाका आधारमा परीक्षण गर्ने विकल्पलाई धेरैले महत्त्व दिएका भए पनि सबैको एकमत हुन सकेको छैन ।

परीक्षकका अत्यावश्यक गुणहरुका सम्बन्धमा विषय वस्तुको ज्ञानमा ३५ प्रतिशत, पूर्वाग्रह रहित परीक्षणमा ३१ प्रतिशत, तालिम र अनुभवमा २७ प्रतिशत, शिक्षकको व्यक्तित्वमा ७ प्रतिशत प्रतिक्रिया व्यक्त गरेको पाइन्छ । त्यस्तै शिक्षकमा परीक्षणका लागि समय दिन सक्ने गुण हुनु पर्ने धारणा पनि यहाँ प्रस्तुत भएको पाइन्छ । यसलाई आधार मान्दा परीक्षकमा विषय वस्तुको ज्ञान र पूर्वाग्रह रहित परीक्षण हुनु पर्ने देखिन्छ ।

नेपाली विषयका उत्तर पुस्तिका परीक्षणलाई अझ व्यवस्थित र विश्वसनीय बनाउने सम्बन्धमा उत्तर कुञ्जिकाको उपयोगमा ३८ प्रतिशत, परीक्षकको स्तर वृद्धिमा ३५ प्रतिशत, त्यसपछि प्रस्ट निर्देशनमा २२ प्रतिशत र धेरै जना एकै ठाउँमा बसेर परीक्षणलाई ५ प्रतिशत प्रतिक्रिया दिएका छन् । थप सुझावहरुमा स्तरीय परीक्षणको छनोट र पर्याप्त पारिश्रमिकको व्यवस्था, परीक्षकको दक्षता र पेसागत इमानदारीपन, परीक्षकको विगतको कार्य सम्पादन र मूल्याङ्कन तथा उत्तर कुञ्जिकाको सही प्रयोग हुनु पदर्छ भन्ने कुरा व्यक्त गरेका छन् । यस अनुसार शिक्षकहरुले उत्तर कुञ्जिका र परीक्षकको स्तरवृद्धिलाई महत्त्व दिएकाले यसतर्फ सम्बन्धित निकायको ध्यान जानु जरुरी देखिन्छ ।

## निष्कर्ष

यस अध्ययनमा परीक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कका आधारमा व्याख्या विश्लेषण गरी निचोडमा पुगिएको छ । यहाँ यसलाई निष्कर्ष मानी बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- ❖ उत्तर पुस्तिकाको बाहिरी पृष्ठमा सबै प्रश्नको प्राप्ताङ्क एक एक गरी चढाउने कुरालाई सैद्धान्तिक रूपमा सबैले स्वीकार गरेको,
- ❖ नेपालीका विषयगत प्रश्नको उत्तर परीक्षणमा पूर्णाङ्क दिने नगर्नुमा विद्यार्थीको प्रस्तुतिगत भिन्नता र मौलिकता रहेको,
- ❖ भाषिक परीक्षणमा उत्तर कुञ्जिकालाई ८० प्रतिशत शिक्षकहरुले आवश्यक ठानेका, हाल प्रचलित कक्षा ११–१२ को उत्तर कुञ्जिकाबारे ६८ प्रतिशत परीक्षकहरुले काम चलाउ प्रकृतिको रहेको धारणा प्रस्तुत गरेका
- ❖ नेपाली विषयको उत्तर पुस्तिका परीक्षणमा अधिकांश परीक्षकहरुले ५ देखि १० अङ्कलाई स्वाभाविक मानेका,
- ❖ पठन बोध सम्बन्धी प्रश्नहरुको उत्तर परीक्षण गर्दा क्रमशः सोधिएको विषय वस्तु, अभिव्यक्ति शैली, शब्द भण्डार क्षमता र शुद्धाशुद्धिलाई महत्त्व दिएका,

- ❖ अनुच्छेद लेखन गर्दा परीक्षकहरुले सिलसिला वद्धता र प्रस्तुतीकरण दुबैलाई बढी महत्त्व दिएको पाइने,
- ❖ भाषा विषयको उत्तर परीक्षण गर्दा परीक्षकहरुले वाक्य गठन, शब्द चयन, सङ्गति, विषय वस्तुको ज्ञान, शैली, सङ्गठनमा ख्याल गर्नु पर्ने धारणा व्यक्त गरेका,
- ❖ आफूले एक पटक परीक्षण गरेको उत्तर पुस्तिका फेरि हेर्न सबै परीक्षकहरुले आवश्यक ठानेका तर व्यवहारमा नआएको अवस्था,
- ❖ नेपाली भाषाका सन्दर्भमा वस्तुगतभन्दा विषयगत उत्तर परीक्षणमा विविधता आउनुमा परीक्षकहरु नै बढी जिम्मेवार,
- ❖ बुँदाहरुका आधारमा उत्तर दिने, खण्ड खण्डका उत्तरहरु एकसाथ परीक्षण गर्ने कुरालाई परीक्षकहरुले प्रभावकारी माने पनि बहु परीक्षकबाट एउटै उत्तर परीक्षण गर्ने र सबै उत्तर पुस्तिकाको एउटा प्रश्नको उत्तर एकैचोटि परीक्षण गर्ने कुरा व्यावहारिक रूपमा अप्रभावकारी हुने धारणा,
- ❖ परीक्षकमा हुनु पर्ने गुणहरुमध्ये विषय वस्तुको ज्ञान र पूर्वाग्रह रहित परीक्षणमा जोड दिएका,
- ❖ परीक्षकहरुलाई अङ्कन प्रणाली सम्बन्धी तालिम र प्रशिक्षणको उपयुक्त व्यवस्था र तालिमकै क्रममा अङ्कनको पूर्वाभ्यासको आवश्यकता,
- ❖ उत्तर पुस्तिका परीक्षण कार्यमा परीक्षा नियन्त्रण कार्यालयबाट विशेष निगरानी र कमी कमजोरी भेटिए तत्काल कारवाही प्रक्रिया अगाडि बढाउनु आवश्यक,
- ❖ परीक्षकको विगतको कार्य सम्पादन र मूल्याङ्कन हेरी निरन्तरता दिने वा नदिने निर्णय लिन उपयुक्त हुने निष्कर्ष,

**सन्दर्भ सूची**


अधिकारी हेमाङ्ग राज (२०५३), **नेपाली भाषा शिक्षण**, (तेस्रो.संस्क.) काठमाडौं : कुञ्जल प्रकाशन ।

अधिकारी हेमाङ्ग राज (२०६२), **समसामयिक नेपाली व्याकरण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी हेमाङ्ग राज (२०६७), **भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति** (पाचौं.संस्क), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

क्रेसवेल, जे.डब्लु.(सन् २००९), **रिसर्च डिजाइनः क्वालिटेटिभ, क्वान्टिनेटिभ एन्ड मिक्स्ड मेथर्डस् एप्रोचेज**, लन्डन : सेज पब्लिकेसन ।

घिमिरे, दिनेश (२०७१), **उमावि तहको अनिवार्य नेपालीका उत्तर पुस्तिका परीक्षण अवस्थाको अध्ययन**, लघु अनुसन्धान पत्र, काठमाडौं शिक्षा क्याम्पस, काठमाडौं ।

घिमिरे, दिनेश र ध्रुव निउरे (२०७०), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : सनसाइन पब्लिकेसन ।

जबरा, स्वयम् प्रकाश र अन्य (२०५८), **शिक्षामा मापन तथा मूल्याङ्कन,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधव प्रसाद (२०६६), **प्राथमिक तहमा नेपाली भाषिक सिपहरूको प्रयोगात्मक मूल्याङ्कन प्रविधिको अध्ययन**, अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, त्रि.वि. शिक्षाशास्त्र डिनको कार्यालय, त्रि.वि. कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०७०), **भाषिक परीक्षण,** काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

पौडेल, राजेन्द्र प्रसाद (२०६५), प्रश्नपत्र, परीक्षा, उत्तर पुस्तिका परीक्षण र सम्परीक्षण, **सम्प्रेषण** अङ्क ५, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

शर्मा, केदार प्रसाद र माधव प्रसाद पौडेल (२०६५), **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।